फोन नं. ४२११९९१, ४२००५९५
फयाक्स: ९७७-१-४२११८७७
अडियो नोटिस बोर्ड नं.: १६१८०१४२००५९५
इमेल: info@moless.gov.np
वेबसाइट: www.moless.gov.np

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

पत्र संख्या:-
चलानी:-

सिंहदरबार, काठमाडौं
नेपाल

मिति: २०७९/११/२८

## प्रेस विज्ञप्ति

यस श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले आफ्नो क्षेत्राधिकारका विषयमा निरन्तर रूपमा सुधारात्मक क्रियाकलापहरू सञ्चालन गरी जनताका सरोकारका विषयमा गम्भीर भएर लागीपरेको यहाँहरू सबैमा जानकारी छदै छ ।

यसै सिलसिलामा सामाजिक सुरक्षा कोषबाट हालैका दिनमा औपचारिक क्षेत्रका श्रमिकले पाउने सेवा सुरक्षामा वृद्धि गर्ने, निजी क्षेत्र, स्वरोजगार र वैदेशिक रोजगारीमा संलग्न श्रमिकलाई पनि योगदानमा आधारित सामाजिक सुरक्षामा आबद्ध गर्ने गरी कार्यविधिमा संशोधन, सो अनुसार अनलाइन प्रविधिमा सुधार गरी राजपत्रमा सूचना प्रकाशनको चरणमा रहेको व्यहोरा जानकारी गराउन चाहन्छौं।

तर, सामाजिक सुरक्षा कोषबाट नियमित रूपमा सुविधा र सुरक्षाका क्षेत्रमा नियमित रूपमा सुधार भए पनि सोको जानकारी सम्बन्धित व्यक्तिको जानकारीमा आउन नसकेको अवस्थालाई मध्येनजर गर्दै यस्ता क्रियाकलाप र सुविधाका विषयमा नियमित रूपमा नेपाल टेलिभिजन र रेडियो नेपालबाट प्राइम टाइममा सूचना, सन्देश प्रशारण गर्ने, सचेतनामुलक सन्देश मार्फत सामाजिक सुरक्षाको दायरा फराकिलो बनाउने उद्देश्यले आज सम्झौतामा हस्ताक्षर सम्पन्न गरियो। यसबाट सामाजिक सुरक्षाका विषय र पक्षमा सरोकारवालाले पर्याप्त जानकारी पाउने अपेक्षा सरकारले लिएको छ। उक्त हस्ताक्षर कार्यक्रम श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव श्री एकनारायण अर्यालको समुपस्थितिमा सामाजिक सुरक्षा कोषका कार्यकारी निर्देशक र नेपाल टेलिभिजनका महाप्रबन्धक एवम् रेडियो नेपालका कार्यकारी निर्देशक बीचमा भएको थियो ।

अतः यस किसिमको प्रसारण सम्बन्धी कार्यबाट सामाजिक सुरक्षा कोषमा विविध किसिमका सुरक्षा योजनामा सरोकारवाला जनसमूदायको व्यापक सहभागिताको अपेक्षा मन्त्रालय ले लिएको छ।

(डण्डुराज घिमिरे)
सहसचिव/ प्रवक्ता